प्रदेश नं. ५

प्रदेश सरकार

# भौतिक पूर्वाधार विकास मन्त्रालय

**प्रदेश नं. ५,खानेपानी सेवाको विकास एवम् व्यवस्थित गर्न बन्ने विधेयकका सम्बन्धमा तयार गरिएको अवधारणा पत्र ।**

१) **नयाँ ऐन बनाउनु पर्ने आवश्यकता :**

क) **संवैधानिक आवश्यकता:**

नेपालको संविधानको अनुसूची ६ ले व्यवस्था गरेको अधिकार अन्तर्गत क्र.सं. ७ मा प्रदेशस्तरको विद्युत, सिंचाइ, खानेपानी सेवा र परिवहन समावेश भएको छ । साथै, प्रदेश नं. ५, प्रदेश सरकार (कार्यविभाजन) नियमावली २०७४ को अनुसूची २ मा यस मन्त्रालयको कार्यजिम्मेवारीकोसि. नं. २माप्रदेशस्तरका खानेपानीसम्बन्धी सेवाको गुणस्तर र सेवा शुल्कको आधार निर्धारण र नियमन तथा सि. नं. ३ मा खानेपानी सेवा विस्तारमा निजी क्षेत्रको सहभागिता र लगानी प्रवर्द्धनसम्बन्धी नीति तथा मापदण्ड निर्धारण र नियमन भन्ने उल्लेख भएकाले सो कार्यलाई व्यवस्थित गर्नकानून निर्माण गर्न आवश्यक भएको छ।

ख) **प्रदेश सरकारको नीति तथा कार्यक्रम :**

प्रदेश सरकारको आ.व २०७५/७६ को नीति कार्यक्रमकोबुँदा नं. ३३ मा - प्रदेशका उपर्युक्त स्थानहरुमा खानेपानी विकासका लागि बहुउपयोगी ठूला तथा मझौला जलाशयहरु निर्माण गर्दैलैजाने नीति लिइने विषय रहेको र बुँदा नं.३६ मा - "एक घर एक धारा" को नीति अनुरुप प्रदेशका सबै घरपरिवारमा स्वच्छ खानेपानी उपलब्ध गराइनेछ भन्ने व्यवस्था रहेको छ ।

ग) अन्य कारण :

२) **नयाँ ऐन बनाई कार्यान्वयन भएपश्चात हासिल गरिने उपलब्धि :**

नयाँ ऐन तर्जुमा भए पश्चात् देहायका उपलब्धि हासिल हुनेछन् ।

- प्रदेश सरकारले लिएको एक घर एक धाराको नीतिलाई सार्थक बनाउन कानूनी आधार तय हुनेछ ।
- जलस्रोतको उपयोगमा खानेपानी सेवालाई उच्च प्राथमिकतामा तोक्न कानूनी आधार निर्माण हुनेछ ।
- खानेपानी आयोजना निर्माणमा सरकारी निजी र दातृ संस्थाको सहयोग र सहकार्यमा बृद्धि हुनेछ ।
- खानेपानी आयोजना निर्माणपछिको हस्तान्तरण प्रक्रिया र व्यवस्थापनको पक्ष उपभोक्ता संस्थामार्फत हुने र त्यस्ता संस्थालाई कानूनी हैसियत प्राप्त हुनेछ ।

- खानेपानीको गुणस्तर कायम गर्न कानूनी आधार निर्माण हुनेछ ।
- खानेपानी आयोजनाको सुरक्षाको साथै कानून विपरित आयोजनालाई क्षति पुऱ्याउनेलाई कानूनको दायरामा ल्याउन मार्गप्रशस्त हुनेछ ।

**३) प्रस्तावित विषयमा मौजुदा कानून भए :**

संघमा जलस्रोत ऐन, २०४९ रहेको छ।

**४) मौजुदा कानून संसोधन गरी सो उपलब्धी हासिल हुन नसक्ने भए सोको कारण :x**

**५) प्रस्तावित कानून कार्यान्वयन गर्न आर्थिक व्ययभार पर्ने भएमा अनुमानित बार्षिक व्ययभार :**

प्रस्तावित कानून निर्माण भई कार्यान्वयन हुँदा प्रदेश सरकारलाई थप आर्थिक व्ययवभार पर्ने छैन।

**६) प्रस्तावित कानून कार्यान्वयन गर्न थप संरचना आवश्यक पर्ने वा नपर्ने :**

हाल संचालनमा भैरहेका संरचनाबाट नै कार्य सम्पन्न हुनेछ ।

**७) प्रस्तावित कानून निर्माण गर्न कुनै निकायको परामर्श, सहमति लिनु पर्नेमा सो परामर्श वा सहमति प्राप्त भए नभएको :**

प्रस्तावित कानून निर्माण गर्न कुनै निकायको सहमति लिनुपर्ने आवश्यकता नभएको ।

**८) प्रस्तावित कानूनमा समावेश गर्न खोजिएका मुख्य विषय :**

संक्षिप्त नाम र प्रारम्भ, परिभाषा,प्रदेशको जलउपयोगको प्राथमिकता, खानेपानी उपभोक्ता संस्थाको गठन, खानेपानी सेवाको लागि निर्माण हुने आयोजनाको किसिम र प्रकार, खानेपानी आयोजना निर्माणका लागि अनुमतिसम्बन्धी व्यवस्था, खानेपानीको उपयोग वा विकास, खानेपानी उपयोगको लागि करार गर्न सक्ने, खानेपानी उपयोगका शर्त, सेवा शुल्क सम्बन्धी, आयोजनाका लागि जग्गा प्राप्ती, खानेपानीको गुणस्तर, खानेपानी आयोजनाको सुरक्षा, खानेपानी शुद्धताको सुनिश्चितता, आयोजनाले पार्ने वातावरणीय प्रभाव,विविध विषयहरु, दण्ड सजाय, पुनरावेदन, नियम बनाउन सक्ने, खारेजी र बचाउँ।